# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७७/११/२०

### सातौं अधिवेशन

### (छैटौं वैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको सातौं अधिवेशनको छैटौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

समसामयिक विषयमा बोल्नका लागि शून्य समय माग भई आएकोले सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ को उपनियम (१) बमोजिम शून्य समय निर्धारण गरेको छु । शून्य समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय

**माननीय भरत बहादुर खड्का**

सभामुख महोदयशुन्य समय उपलब्ध गराएर केही समसामयिक कुरा भन्ने मौका दिनु भएकोमा म , महिना पछि बोल्ने मौका पाइएको छ सदन भित्र सर्व प्रथम ८ हार्दिक धन्यवाद दिन चाहान्छु । लकभग अदालतले गरेको फैसला नेपालको लागि नेपाली जनताको लागि त ढीलै भए पनि सम्मानीत सर्वोच्च जुन फैसला गरेको छ त्यो सम्मानजनक फेसला छ र ति बधाईका पात्र छन् र जहा सम्म प्रदेशको अवस्थालाई हेर्ने हो भने प्रदेश सरकारको क्रियाकलापको बारेमा सदनलाई प्रदेश सरकारले एउटा प्रयोगशालाको रुपमा मात्र प्रयोग गरेको हामीलाई अनुभित भा को छ यसको गरिमा बढाउने , सांसदहरुलाई बढी जवाफदेही बनाउने र यो प्रदेशलाई सुदूरपश्चिम बासिको एउटा विश्वासको एउटा केन्द्र भागको रुपमा विकास गर्नु पर्नेको साटो त्यसका प्रति सरकारको जवाफ देहि र उत्तरदायि हामीले पाएनौ यो सदन चलाउनको लागि मात्रै र विधेयक पास गर्ने बजेट पास गर्ने बाहेक अरु केही देखिदैन हामीले बारम्बार भन्यौ विकास सबैको साझा हो सहकार्य गरौ र विकासको बजेट यहा प्रस्तुत हुन्छ विधिवत रुपमा रातो किताबमा आउछ । पारलियामेन्टबाट पास गर्नु पर्छ तर हालसालै मुख्यमन्त्रीबाट करोडौका योजनाहरु विनियोजन भा का छन् मेरो डोटीमा पनि लकभग १६ वटा योजनाहरु थप भा का छन् खानेपानी वटा उहा उहाको निर्वाचन १३ वटा १६ तटबन्ध र सिंचाईका र यो सिंचाई र तटबन्धनका , वटा मेरोमा छन् तर मलाई जानकारी छैन मलाई जानकारी गराउनु पर्छ भन्ने होइन तर ३ क्षेत्रमा छन् सदनलाई जानकारी दिनु पर्छ सांसदहरुलाई जानकारी दिनु पर् यो सम्मानीतछ र म पनि त्यहाको निर्वाचित सांसद हो यो पैसा कसैको व्यक्तिगत होईन यसरी बाढ्नु पर्ने एकातिर रेडबुकमा योजनाहरु आका छन् कतिपय योजनाहरु कार्यान्वयन पनि भा का छैनन आधै छन् आधा त्यो एउटा उखान शेयर

गर्न चाहान्छु सभामुख महोदय श्राद्ध गर्न हरिद्वारमा जादा टाउको मुन्डन गर्दा आधा गर्दा रहेछन यो आफ्नो बनाउनका लागि अनि त्यसलाई पर सार्दा रहेछन अर्को आउदो रैछ आधा बनाउदा रहेछन क्यूमा राख्ने अब ती कहा जाने त्यो परिस्थितिमा यहाका योजना छन् सुरुवात गर्यो अलपत्र छोड्ने अर्को कुरा यत्रा बाढीपिडित भयो दुइ वटा संसदीय टोलीहरु गए ९ वटै जिल्लामा मधेशमा बाढ आयो पहाडमा त्यत्रो रामारोसन देखि बैतडी देखि बाजुराका सडक अवरुद्ध भए दुइवटा संसदीय टोलीहरुले रिपोर्ट ल्याएर मुख्यमन्त्रीलाई पठाएको छ कि यहा राहात देउ र सचिवलाई पनि हामीले बोलाएका छौ तपाइ इस्किम ल्याउनुहोस त्यसमा मैले देखिन सभामुख महोदय र नयाँ थप योजनाहरु त खाली सिंचाइ र तटबन्धका डोटीमा मात्र छन् भने मलाई लाग्छ २४करोडको यहानिर थप रकमका बजेटहरु र २५-सैले यसको योजनाहरु आफु खुशी मुख्यमन्त्रीले पठाएको भन्ने कुराहरु केही प्रमाण मैले ल्याएको छु त्य गर्न चाहान्छु र सदनलाई जानकाम घोर निन्दारी गराउनु पर्छ सभामुख महोदय त्यसो भए सदन किन चाहियो किन बजेट पास गर्ने यहाबाट किन चाहियो यो सदन किन चाहियो सांसद मलाई त लाग्छ अब चौथो बर्षमा हामी प्रवेश गरि सक्यौ र कुनै सांसदले त एउटा योजना ५ बर्ष भित्र नदेखेर जानु पर्ने अवस्था छ ५ बर्ष सांसदले प्रदेशमा एउटा योजना पनि कार्यान्वयनमा सहभागि सांसदहरु बन्न सकेको अवस्था छैन त्यसैले सन्तुलित रुपमा सबै सांसदहरुलाई जवाफदेही बनाउ भन्दै राम्रो कुरा भन्दै आएका हौ यसलाई आफ्नो घरको पैसा जसरी प्रयोग भा को छ यो विधी प्रक्रिया र सदनलाई बाइपास गरेर गर्ने कुराहरुमा हाम्रो सहमति छैन यसमा हाम्रो ठुलो विमति छ । अर्को कुरा हुन त मन्त्रिमण्डल गठन गर्ने र विगठन गर्ने मुख्यमन्त्रीको आफ्नो दायित्व हो तर हाम्रो माग के छ भन्दा अब बजेटीङ गर्नु पर्ने अवस्था आइसक्यो दुइवटा मुख्य मन्त्रालयका मन्त्रीहरु अहिले सम्म गठन गर्न सकेको छैन यो उहाको असक्षमता जस्तो मलाई लागेको छ किन भने उहाकै पार्टीको मान्छेले हो मन्त्री हुने चाडो बनाएर ती मन्त्रालयहरुलाई क्रियाशिल बनाउनु पर्ने अब असारको महिना अन्तिम बजेट छलफल शुरु हुने बेला आइसक्या छ । अहिले सम्म अर्थ मन्त्रीको टुंगो लागेको छैन अर्थ मन्त्रालयको पैसा आफु खुशी खर्च गर्न लाग्नु भा को छ त्यसैले सभामुख मार्फत मेरो आग्रह के हो भन्दा खेरी तुरुन्त मन्त्रीहरु नियुक्त गरेर ती मन्त्रालयहरुलाई क्रियाशिल बनाउनु पर्छ र विकासका कुराहरुलाई अगाडी बढाउनु पर्छ भन्ने हाम्रो माग हो अर्को कुरा यो डिपिआरको नाममा बर्मलुट बनाईएको छ धेरै सबै मन्त्रालयमा डिपिआर अर्काकै फोटोकपिलाख ५ अर्काकै सबै चाहि सबै कुरा ल्यायो यो पास गर्ने गरेका छन् अनि डिपिआर , ठाउँ नै देख्या भन्दा मुनिका चाहि बजेट बनायो आफ्ना खल्तीका मान्छेहरु कसैले त त्यो डिपिआर गर्ने छैनन यहा हामीलाई के मान्या छन् भने यि बुझ्दैनन यहा भित्रका यि लाटा हुन यहा मान्छे पनि सुदूरपश्चिममा लाटा छन् भन्ने सोच्या छन् यहा सबै बाठा छन् सबै नेपाली जनता बाठा छन् र यति ठुलो भ्रष्टीकरण छ सभामुख महोदयकाम कारवाहीले यो प्रदेश नै त्यसैले आज सुदूरपश्चिमको सरकारको , चाहिदैन भन्न थालिसके सभामुख महोदय यो व्यवस्थाको असफलता तिर जनताको वितृष्णा पैदा भा को छ सरकारको गलत क्रियाकलापका कारण सदनको पनि वइट घटीराखेको छ सभामुख महोदयप्रदेश , को प्रदेश सभा हो सभा सदन के का लागि आवश्यक छ भन्न थालेका छन् यो परिवर्तनको कडि भने प्रदेश हो यो संविधानको रक्षा र संघीयताको रक्षा आज हामी सबैले गर्नु पर्छ यो भाषणबाट होइन सभामुख महोदय क्रियाकलापबाट हो त्यसैले म अब सिद्याए सभामुख महोदय जहा सम्म मलाई के

लाग्छ भन्दा खेरि प्रदेश सभाको यति महत्वपूर्ण बैठक बस्छ मन्त्रालयको एक मान्छे यहा टिपोट गर्न आउदैन र प्रदेश सभालाई यति बाइपास सूचनै जादैन यो प्रदेश सभामा माननीयहरुले के बोलेविकासका , प्रदेशका इस्यूका बारेमा के बोले एक जना मैले अहिले सम्म देखिन तै पनि मैले मन्त्री ,बारेमा के बोले टिपोटीङ गरेर तपाइ हामीलाई सदनमा के कुरा साथिहरुलाई तपाइहरुको मन्त्रालयको एकजना राम्रो उठ्यो तपाइ हाङ्गीले यसले सहयोगै गर्छ तपाइहरुलाई भन्दा मैले कहिल्यै त्यो दिर्घामा कहिल्यै पनि कुनै पनि मन्त्रालयको टिपोट गर्ने मान्छे सदनमा के भा को छ भन्ने कुराको टिपोट र यहाको सूचना मन्त्रालयमा कुनै पनि किसिमको जाने व्यवस्था गरिएको छैन अब जहा सम्म शान्ति सुरक्षाका कुरा महंगाइको कुरा यि सारा कुराहरु प्रदेशको चाइने एउटा प्रदेश नाजुक अवस्थामा छ म अहिले राष्ट्रिय राजनितिको कुरा गर्दैन त्यसैले गर्दा खेरी म सदनलाई सभामुख मार्फत आग्रह के गर्न चाहान्छु भने सदहरुको क्रियाशिलता र सांसदहरुलाई बढी जवाफदेहीता बसदनको जवाफदेहीता सांनाएर यो सदनको मर्यादालाई कायम राख्ने कुरामा हामीले लाग्नु पर्छ र यो सरकारले जुन सदन प्रति गरेको एउटा गलत क्रियाकलाप छ यसलाई खाली ल्याव जस्तो बनाएको छ यस प्रति हाम्रो गम्भिर आपत्ति छ यति भन्दै विदा हुन्छु धन्यवाद ।

**चुन कुमारी चौधरी**

माननीय सभामुख महोदयहाम ,्रो गोदावरी नगरपालिका वडा नंमा बस्ने शिवचरण राना जो आखा ५. अस्पतालको गेट अगाडी लामो समय देखि उहा तरकारी व्यवसायिको काम गरिराख्नु भा थियो उहाको हत्या गरेको छ त्यसको छानविन र गते विहानै उहाको धारिलो हतियार प्रयोग गरि १५ यही फाल्गुन अपराधिलाई कडा भन्दा कडा कारवाही गर्नु पर्छ र परिवारलाई क्षतिपूर्तिका लागि मैले प्रदेश सरकार मार्फत सदन मार्फत संघीय सरकारलाई पनि ध्यानाकर्षण गराउन चाहान्छौ । यो हाम्रो सुदूरपश्चिममा सुरक्षाको लागि पनि सुदूरपश्चिम सरकार र संघीय सरकारलाई मैले के मात्रै भन्न चाहान्छु कि दिनहु चाहि बलत्कारको घटना कहि अपराधिक घटनाहरु दिनहु बढी रहेको अवस्थामा अहिले मानिसहरु त्रसित भैराखेको अवस्था छ । मान्छे स्वतन्त्र रुपमा बस्न पाइराखेको छैन कि कुनै काम गर्नलाई पनि गारो भएको अवस्था छ त्यसैले यो सदन मार्फत ध्यानाकर्षण गराउन चाहान्छु । शिव चरण रानाको उहा एउटा सोझो जनता एउटा व्यवसायि गरिरहदा उहाले एकदमै नविर्सिने गरि उहाको हत्या भएको छ त्यसको छानविन तत्काल हुनु पर्छ यही माग गर्न चाहान्छु र अहिले हाम्रो सन्दर्भमा देशमा पुष ५ गते संसद विघठन भैसकेपछि हाम्रो अहिले एकदमै जनताको सर्वोच्चले न्याय रुपमा फैसला गरेको छ त्यसको बारेमा मैले स्वागत गर्न चाहान्छु पुनस्थापना गर्या छ विश्वको सबै भन्दा राम्रो संविधान त्यो संविधानलाई एउटा हस्तक्षप गरेर काम गरिराख्नु भा थियो अहिले समग्रमा खुशी पनि लाग्या छ तर यसको सांसद पनि बोलाई सकेको अवस्थामा यसको लागि पनि म शुभकामना र स्वागत गर्न चाहान्छु हवस त धन्यवाद ।

**माननीय दुर्गा कुमारी कामी**

माननीय सभामुख महोदय सबै भन्दा पहिला त यो सातौ अधिवेशनको पूर्ण सफलताको शुभकामना दिन चाहान्छु । माननीय सभामुख महोदयघठन गर्ने सम्माननीय गते प्रतिनिधी सभा वि ५ यही पौष , प्रधानमन्त्रीज्यूले जुन कदम असंवैधानिक कदम चाल्नु भाको थियो त्यो असंवैधानिक कदमलाई न्याय मूर्तिले साच्चीकै न्याको अनुभूति हुने गरेर यसलाई यो विघठनलाई बदर गरेको छ त्यसको लागि म

स्वागत गर्दै म न्यायमूर्तिहरुलाई धन्यवाद दिन चाहान्छु । माननीय सभामुख महोदय सुदूरपश्चिम प्रदेश साभका अर्थ विकास समितिका सभापतिज्यूको कोरोना संक्रमित भए पश्चात थप स्थिति जटील भएर उपचारका लागि काठमाडौ लगिएको छ उहाको स्वास्थ्य लाभको कामना गर्न चाहान्छु सुदूरपश्चिम प्रदेशमा अहिले पछिल्लो चरणमा अझै भन्ने हो भने हत्या हिंसा बलत्कारका घटनाहरु तिब्र रुपमा बढी राखेका छन् दिन प्रतिदिन हामीले यस्ता घटनाहरु सुन्नु परिराखेको छ न्यायको अनुभूति हुन सकिराखेको छैन त्यसो भएको भएर भागरथि भट्ट लगायतका बालबालिकाहरुले निर्दोष बालिकाहरुले अकालमा ज्यान गुमाउनु परेको छ त्यसको लागि दोषिलाई कडा भन्दा कडा कारवाहीको जोडदार माग गर्दै सुदूरपश्चिम प्रदेशका जनताहरुलाई शान्ति सुरक्षा कायम गर्नको लागि सरकारले पहल गरोस भन्ने माग राख्न चाहान्छु । माननीय सभामुख महोदयसुदूरपश्चिमको विकास निर्माण हीले दुइ वटा बजेट ल्याइसकेपछि अबका , अन्त्य गर्ने छौ भनेर यसै गरिमामय सदनमा सरकारले आफ्नो आगामी दिनमा असाढे बजेटको प्‍्रतिबद्धता गरेको थियो अहिले सम्म विकास निर्माणका कामहरुले गति लिन सकिराखेको छैन अझै त्यो असाढे बजेटको अन्त्य नहुने कुराहरु अहिले सम्म देखिन आएको छ त्यसो भएको हुनाले यसको लागि चाडो भन्दा चाडो पहल कदमी चालोस विषयगत मन्त्रालयहरुले भन्ने माग राख्न चाहान्छु । त्यस्तै सुदूरपश्चिम प्रदेशको अहिले साच्चीकै यहा भन्दा अगाडीका दिनहरुमा भएका कमिकमजोरीहरुलाई चाहि सुझावको रुपमा संकलन गरेर आगामी दिनमा सुदुरपश्चिमका जनतालाई सुखि र समृद्ध बनाउने जुन अभियान चाल्ने कुरा थियो त्यतातिर अलिकति ध्यान नगएको कुरा देखिन्छ जुन कोरोना प्रभावित व्यक्तिहरु विदेशबाट जो स्वदेश फर्किनु भा का नागरिकहरुले अहिले सम्म स्वदेशमा रोजगारीको व्यवस्था गर्ने खालका कुनै कामहरु चाहि पाइराखेको छैन हुन त राहातका विभिन्न प्याकेजहरु ल्याएका छन् यो राहात प्याकेजलाई चाहि प्रभावकारी रुपमा चाहि कार्यान्वयन भैराखेको छैन यसको अनुगमनको पाटो चाहि असाध्यै फितलो छ यसको अहिले सम्म अनुगमन गरेर त्यसको चाहि प्रभावकारीताको बारेमा चाहि कुनै पनि जानकारी यो सदनमा पनि आएको पनि छैन र आम सर्वसाधारण जनताले पनि जानकारी पाएको छैन त्यसै गरि म अन्तमा सुदूरपश्चिम प्रदेशमा अहिलेको यो बर्षाको बाढी पहिरोले थुप्रै जनधनको क्षति गरेको छ अहिले सम्म यो राहातको कुराहरु पाइराखेका छैनन् । जहा घटनास्थलहरुबाट प्रतिबेदन संकलन गरेर सम्बन्धीत कार्यालयमा पुगेका छन् तर ती फायलहरु अहिले सम्म खुलेका छैनन तल जनतालाई जवाफ दिनका लागि हामीसँग जवाफ छैन त्यसो भएको भएर बाढी पिडित वा विपद्को कुराहरुमा पनि सरकारले चाडो पहल गरोस भन्न चाहान्छु धन्यवाद ।

**माननीय सदस्यहरु,**

आजको शून्य समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, सामाजिक विकास समितिका सभापति माननीय कुन्ति जोशीलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** माथि समितिमा दफावार छलफल भई तयार भएको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुखज्यू,

मिति २०७७।११।१९

प्रदेश सभा, सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली, नेपाल ।

विषयः– सुदूरपश्चिम प्रदेश बिउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ को प्रतिबेदन सम्बन्धमा ।

माननीय सभामुख महोदय,

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७७।११।०६ गते बसेको सातौं अधिवेशनको दोस्रौ बैठकको निर्णय अनुसार सुदूरपश्चिम प्रदेश बिउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि दफावार छलफलका लागि सामाजिक विकास समितिमा पठाईएको थियो। सामाजिक विकास समितिमा उक्त विधेयक माथि २०७७/११/०९गते समितिको ७८औं बैठकमा छलफलको कार्य प्रारम्भ भई ८३औं बैठकसम्म विधेयक माथि विस्तृत रुपमा दफावार छलफल गरी तपशिल बमोजिमका संशोधन र थप गर्नुपर्ने समितिको निर्णय सहितको प्रतिवेदन पेश गरेका छौं ।

दफावार छलफलका क्रममा समितिका बैठकहरुमा देहाय बमोजिमका माननीय मन्त्रीज्यू, माननीय सदस्यज्यूहरु, सम्वन्धीत विषयका विज्ञ र सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

<u>देहायः-</u>

१. माननीय दिव्यश्वरी शाह - सदस्य
२. माननीय मान बहादुर सुनार - सदस्य
३. माननीय कर्ण वहादुर मल्ल - सदस्य
४. माननीय लाल बहादुर खड्का - सदस्य
५. माननीय टेक बहादुर रैका - सदस्य
६. माननीय नन्द बहादुर साउँद - सदस्य
७. माननीय शुशिला बुढाथोकी - सदस्य
८. माननीय गेल्बु सिंह बोहरा - सदस्य
९. माननीय दुर्गा कुमारी कामी - सदस्य
१०. माननीय माया तामाङ्ग बोहरा - सदस्य

<u>विशेष आमन्त्रीत</u>

११. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरी

**आमन्त्रीत**

१२. निमित्त प्रमुख श्री सिद्वराज उपाध्याय बीउ बिजन प्रयोगशाला सुन्दरपुर कंन्चनपुर

१३. अधिकृत श्री दिपक राज ओझा बीउ बिजन प्रयोगशाला सुन्दरपुर कंन्चनपुर ।

## तपशिलः-

## संशोधन तथा थप हुनु पर्ने विषयहरु

| **सि.न.** | **दफा** | **विधेयकमा रहेको साविक व्यवस्था** | **संशोधन वा थप हुनुपर्ने व्यवस्था** | **कारण** |
|---|---|---|---|---|
| १ | दफा २ को उपदफा (ख) मा | (ख) "बाली" भन्नाले फलफूल, खाद्यान्न, तरकारी, नगदेबाली तथा घाँसेबाली जस्ता बाली सम्झनु पर्छ । | (ख) "बाली" भन्नाले फलफूल, खाद्यान्न, तरकारी, नगदेबाली, **मसला बाली** तथा घाँसेबाली जस्ता बाली सम्झनु पर्छ । | मसला बाली थप गर्न उपयुक्त भएकोले । |
| २ | दफा २ को उपदफा (ग) मा | (ग)"कृषि कार्य"भन्नाले खाद्यान्न, फलफूल, दलहन, तेलहन, तरकारी, नगदेवाली तथा घाँस उत्पादन, संकलन, भण्डारण, प्रशोधनगर्ने कार्य सम्झनु पर्छ । सो शब्दले तन्तु प्रजनन लगायतका कार्य समेतलाई जनाउँछ। | (ग)"कृषि कार्य"भन्नाले खाद्यान्न, फलफूल, दलहन, तेलहन, तरकारी, नगदेवाली, **मसला बा**ली तथा घाँस उत्पादन, संकलन, भण्डारण, प्रशोधनगर्ने कार्य सम्झनु पर्छ । सो शब्दले तन्तु प्रजनन लगायतका कार्य समेतलाई जनाउँछ। | मसला बाली थप गर्न उपयुक्त भएकोले । |
| ३ | दफा ३ को उपदफा (२) को खण्ड (क) मा | (क) माननीय मन्त्री, मन्त्रालय - अध्यक्ष | (क) माननीय मन्त्री वा राज्य मन्त्री वा सहायक मन्त्री - अध्यक्ष | खण्ड (क) मा राज्य मन्त्री वा सहायक मन्त्री थप गर्न उपयुक्त भएकोले । |
| ४ | दफा ३ को उपदफा (२) को खण्ड (ङ) | (ङ) मन्त्रालयद्वारा मनोनित बिउ बिजन सम्बन्धी विशेषज्ञ र व्यवशायी मध्ये महिला सहित **दुई** जना -सदस्य | (ङ) मन्त्रालयद्वारा मनोनित बिउ बिजन सम्बन्धी विशेषज्ञ, **किसान** र व्यवशायी मध्ये महिला सहित **तिन** जना -सदस्य | **किसानलाई** थप गरी दुई जना सदस्यको ठाउँमा **तिन** जना सदस्य राख्न उपयुक्त भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | मा | | | |
| ५ | दफा ३ को उपदफा (२) को खण्ड (छ) मा | | (छ) कृषि विषय अध्ययन हुने शैक्षिक संस्थाबाट मनोनित कम्तीमा उप प्राध्यापक सरहको -सदस्य | खण्ड (छ) थप गर्न उपयुक्त भएकोले |
| ६ | दफा ४ को उपदफा (६) मा | (६) समितिले **आवश्यक देखेमा कुनै** विशेषज्ञ र उद्यमीहरुलाई समितिको बैठकमा आमन्त्रण गर्नसक्नेछ | (६) समितिले **आवश्यकता अनुसार** विशेषज्ञ **कृषि उद्यमी र किसानहरु मध्येबाट** समितिको बैठकमा आमन्त्रण गर्नसक्नेछ | **कृषि उद्यमी र किसानहरु मध्येबाट** समितिको बैठकमा आमन्त्रण गर्न उपयुक्त भएकोले । |
| ७ | दफा ५ को उपदफा (ङ) मा | (ङ) बिउ बिजन सम्बन्धी सेवा शुल्कको सम्बन्धमा प्रदेश सरकारलाई **परामर्श दिने** । | (ङ) बिउ बिजन सम्बन्धी सेवा शुल्कको सम्बन्धमा प्रदेश सरकारलाई **सिफारिश गर्ने** । | **परामर्श दिने** शब्दको सट्टा **सिफारिश गर्ने** शब्द राख्न उपयुक्त भएकोले । |
| ८ | दफा ५ को उपदफा (ङ) मा | (ज) प्रजनन, मूल र उन्नत बीउ बिजनको वासलात तयार गर्नका साथै प्रदेशलाई आवश्यक पर्ने बीउ बिजन प्रक्षेपण गर्ने, र | (ज) प्रजनन, मूल, उन्नत बीउ र **प्रमाणित** बीउ बिजनको वासलात तयार गर्नका साथै प्रदेशलाई आवश्यक पर्ने बीउ बिजन प्रक्षेपण गर्ने, र | **प्रमाणित** बीउ थप गर्न उपयुक्त भएकोले । |
| ९ | दफा ६ को उपदफा (१) मा | (१) बिउ बिजनको उत्पादन ,प्रशोधन तथा बिक्री वितरण गर्ने कार्यलाई सुचारु रुपले संञ्चालन गरी गुणस्तरयुक्त बीउ बिजन उपलब्ध गराउने प्रयोजनका लागि समितिले आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गर्नसक्नेछ । | (१)बिउ बिजनको उत्पादन ,प्रशोधन, **भण्डारण** तथा बिक्री वितरण गर्ने कार्यलाई सुचारु रुपले संञ्चालन गरी गुणस्तरयुक्त बीउ बिजन उपलब्ध गराउने प्रयोजनका लागि समितिले आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गर्नसक्नेछ | **भण्डारण** शब्द राख्न उपयुक्त भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| १० | दफा ७ को उपदफा (१) मा | (१) बीउ बिजनको परीक्षण र तत्सम्बन्धी अन्य कार्य गर्नको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी एउटा प्रादेशिक प्रयोगशालाको स्थापना र संञ्चालन **गर्न सक्नेछ।** | १) बीउ बिजनको परीक्षण, **प्रमाणिक** र तत्सम्बन्धी अन्य कार्य गर्नको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी एउटा प्रादेशिक प्रयोगशालाको स्थापना र संञ्चालन **गर्नेछ।** | **प्रमाणिक** शब्द थप गर्न **र गर्न सक्नेछ** शब्दको सट्टा **गर्नेछ** शब्द राख्न उपयुक्त भएकोले । |
| ११ | दफा ७ को उपदफा (२) मा | (२) उपदफा (१) बमोजिम स्थापना भएको प्रादेशिक प्रयोगशालाको रेखदेख र नियन्त्रणमा रहने गरी आवश्यकता अनुसार प्रदेशमा थप प्रयोगशाला संञ्चालन गर्न **सकिनेछ** | (२) उपदफा (१) बमोजिम स्थापना भएको प्रादेशिक प्रयोगशालाको रेखदेख र नियन्त्रणमा रहने गरी आवश्यकता अनुसार प्रदेशमा थप प्रयोगशाला संञ्चालन **गर्नेछ** | **सकिनेछ** शब्दको सट्टा **गर्नेछ** शब्द राख्न उपयुक्त भएकोले। |
| १२ | दफा ७ को उपदफा (४) मा | (४) उपदफा (३) बमोजिम प्राप्त निवेदन उपर छानविन गरी उपयुक्त देखेमा तोकिए बमोजिम शर्तको अधिनमा रही समितिले प्रयोगशाला स्थापना र सञ्चालन गर्न अनुमति **दिन सक्नेछ** । | (४) उपदफा (३) बमोजिम प्राप्त निवेदन उपर छानविन गरी उपयुक्त देखेमा तोकिए बमोजिम शर्तको अधिनमा रही समितिले प्रयोगशाला स्थापना र सञ्चालन गर्न अनुमति **दिनु पर्नेछ** । | **दिन सक्नेछ** शब्दको सट्टा **दिनुपर्नेछ** शब्द राख्न उपयुक्त भएकोले । |
| १३ | दफा ९ को उपदफा (१) मा | (१) कुनै व्यक्ति वा संस्थाले बिउ बिजनको बिक्री वितरण सम्बन्धी कारोवार गर्न चाहेमा तोकिए बमोजिमको प्रक्रिया पुरा गरी अनुमति पत्र लिनु पर्नेछ | (१) कुनै व्यक्ति वा संस्थाले बिउ बिजनको **उत्पादन, प्रशोधन भण्डारण** र बिक्री वितरण सम्बन्धी कारोवार गर्न चाहेमा **प्रदेश बीउ बिजन समितिले** तोकि **दिए** बमोजिमको प्रक्रिया पुरा गरी अनुमति पत्र लिनु पर्नेछ | **उत्पादन, प्रशोधन भण्डारण र प्रदेश बीउ बिजन समितिले र दिए भन्ने** शब्द थप गर्न उपयुक्त भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| १४ | दफा ९ को उपदफा (२) मा | (२) कसैले उपदफा (१) बमोजिम अनुमति पत्र नलिई बीउ बिजन बिक्रि वितरण गर्न पाईने छैन | (२) कसैले उपदफा (१) बमोजिम अनुमति पत्र नलिई बीउ बिजन **उत्पादन प्रशोधन भण्डारण** र बिक्रि वितरण गर्न पाईने छैन । | **उत्पादन, प्रशोधन भण्डारण** शब्द थप गर्न उपयुक्त भएकोले। |
| १५ | दफा ९ को उपदफा (३) मा | (३) यो ऐन लागु हुनू भन्दा अगाडी प्रचलित कानुन बमोजिम बीउ बिजनको बिक्री वितरण सम्बन्धी कारोवार गर्न लिएको अनुमति पत्रलाई यसै ऐन बमोजिम भएको मानिनेछ ।त्यस्ता अनुमति प्राप्त बिक्रेताहरुले तोकिए बमोजिम सुचिकृत गराउनु पर्नेछ | (३) यो ऐन लागु हुनू भन्दा अगाडी प्रचलित कानुन बमोजिम बीउ बिजनको **उत्पादन, प्रशोधन, भण्डारण र** बिक्री वितरण सम्बन्धी कारोवार गर्न लिएको अनुमति पत्रलाई यसै ऐन बमोजिम भएको मानिनेछ ।त्यस्ता अनुमति प्राप्त बिक्रेताहरुले तोकिए बमोजिम सुचिकृत गराउनु पर्नेछ | **उत्पादन, प्रशोधन भण्डारण** शब्द थप गर्न उपयुक्त भएकोले। |
| १६ | दफा १० को उपदफा (१) मा | दफा ७ को उपदफा (३) बमोजिम स्थापना भएका प्रयोगशालाको अनुमतिपत्र प्रत्येक वर्ष नवीकरण गराउनु पर्नेछ । | (१)दफा ७ को उपदफा (३) बमोजिम स्थापना भएका प्रयोगशालाको अनुमतिपत्र प्रत्येक वर्ष नवीकरण गराउनु पर्नेछ र **उत्पादन, प्रशोधन, भण्डारण बिक्री वितरणको हकमा कार्यविधिले तोके बमोजिम हुनेछ ।** | **उत्पादन,प्रशोधन,भण्डारण बिक्री वितरणको हकमा कार्यविधिले तोके बमोजिम हुनेछ शब्द थप गर्न उपयुक्त भएकोले।** |
| १७ | दफा १८ को उपदफा (२) मा | कसैले दफा ११र १२ विपरीत बीउ बिजन बिक्री वितरण गरे वा गराएमा दस हजार रूपैयाँदेखि बीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ । | (२) कसैले दफा ११र १२ विपरीत बीउ बिजन बिक्री वितरण गरे वा गराएमा **एक लाख** रूपैयाँसम्म जरिवाना हुनेछ । | जरिवाना थप गर्न उपयुक्त हुने भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| १८ | दफा १८ को उपदफा (३) मा | (३) कसैले दफा १३ बमोजिमको विवरण नखुलाई बीउ बिजन बिक्री वितरण गरे वागराएमा दश हजार रूपैयाँदेखि पन्ध्र हजार रूपैयाँसम्म जरिवाना हुनेछ । | (३) कसैले दफा १३ बमोजिमको विवरण नखुलाई बीउ बिजन बिक्री वितरण गरे वा गराएमा **एक लाख** रूपैयाँसम्म जरिवाना हुनेछ । | जरिवाना थप गर्न उपयुक्त हुने भएकोले। |
| १९ | दफा १८ को उपदफा (४) मा | (४) कसैले दफा १५ को उपदफा (२) विपरीत कुनै कार्य गरेमा पच्चीस हजार रूपैयाँ जरिवाना हुनेछ । | (४) कसैले दफा १५ को उपदफा (२) विपरीत कुनै कार्य गरेमा **दुई लाख** रूपैयाँ जरिवाना हुनेछ । | जरिवाना थप गर्न उपयुक्त हुने भएकोले |
| २० | दफा १८ को उपदफा (५) मा | (५) उपदफा (१),(२), (३) र (४) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै काम गर्ने गराउने व्यक्ति वा संस्थालाई दशहजार रूपैयाँदेखि बीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ । | (५) उपदफा (१),(२), (३) र (४) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै काम गर्ने गराउने व्यक्ति वा संस्थालाई **साठी हजार** रूपैयाँसम्म जरिवाना हुनेछ । | जरिवाना थप गर्न उपयुक्त हुने भएकोले। |
| २१ | दफा १८ को उपदफा (६) मा | ६)यस ऐनमा जुनसुकै कुरा लेखिएकोभएतापनि बीउ बिजन उत्पादन तथा बजारीकरणसम्म तोकेबमोजिमको गुणस्तर कायम नभएको पाइएमा सम्बन्धित मूल्य श्रृंखलामा संलग्न व्यक्ति वा संस्थाको पहिचान गरी दश हजारदेखि पचास हजारसम्म जरिवाना हुनेछ । | (६)यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि बीउ बिजन उत्पादन तथा बजारीकरणसम्म तोकेबमोजिमको गुणस्तर कायम नभएको पाइएमा सम्बन्धित मूल्य श्रृंखलामा संलग्न व्यक्ति वा संस्थाको पहिचान गरी **पचास हजार** सम्म जरिवाना हुनेछ । | जरिवाना थप गर्न उपयुक्त हुने भएकोले |

माननीय सभामुख महोदय,

उपरोक्त संशोधन तथा थप गर्नुपर्ने विषयहरु सुदूरपश्चिम प्रदेश बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७७ मा समावेश गरी उक्त विषयलाई विधेयकको अंग बनाई सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिमको प्रदेश सभा नियमावली २०७४ को नियम १६० बमोजिम यो प्रतिवेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिवेदन तयार गर्न सहयोग पू-याउँनु हुने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्रीज्यू, सामाजिक विकास समितिका माननीय सदस्यज्यूहरु र सचिवालयका कर्मचारीहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु ।

<u>प्रस्तुतकर्ताः-</u>
माननीय कुन्ती जोशी
सभापति
सामाजिक विकास समिति
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली
मिति २०७७।११।१९

**माननीय सदस्यहरु,**

**सुदूरप"श्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक** "माथिको आजको कारबाही यही समाप्त हुन्छ । अर्को वैठक मिति साल फाल्गुन२३ गते आईतबार दिउँसो १:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।